गौरीगङ्गा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन-०९१-४१८०५९, ४१८०६०
वेबसाइट: www.gaurigangamun.gov.np
ई मेल: info.gaurigangamun@gmail.com

पत्रसङ्ख्या: ०८१/०८२
चलानीनं.:

कवाडी कर संकलन ठेक्का सम्बन्धी सूचना ।
सूचना प्रकाशन मिति: २०८२/०१/१४

आर्थिक बर्ष २०८१/०८२ देखी आगामी ३ बर्ष सम्मका लागि देहाय बमोजिम कवाडी कर संकलन ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुदा ईच्छुक ब्यक्ती, फर्म वा कम्पनी वाट १५ दिन भित्र शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

तपसिल:

| क्र.स | दरभाउपत्र नं. | कार्य विवरण | पहिलो बर्षको न्यूनतम ठेक्का रकम (म.अ.कर वाहेक) | दरभाउत्र दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | GGM/R01/2081/082 | कवाडी कर संकलन | रु.१०,००,०००/-(दश लाख) | १०००/- | कवोल अंकको ५ प्रतिशत रकम | |

यस सूचना सम्बन्धी थप जानकारी गौरीगंगा नगरपालिकाको website: www.gaurigangamun.gov.np मा राखिएको छ ।

०८२/१/१२

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

गौरीगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन-०९१:.४१८०५९, ४१८०६०
वेबसाइट:www.gaurigangamun.gov.np
ई मेल: info.gaurigangamun@gmail.com

पत्र सङ्ख्या: ०८१/०८२
चलानी नं.:

## कवाडी कर सङ्कलन ठेक्का सम्बन्धी सूचना ।

सूचना प्रकाशन मिति : २०८२/०१/१४

यस गौरीगंगा नगरपालिका अन्तर्गत निम्न लिखित विषयमा आ.व.२०८१/०८२ को आन्तरिक राजश्व व्यवस्थापन गर्न स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार नगरपालिकाको वित्तीय अधिकार अन्तर्गत कर असुलीको लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले ठेक्का लिन चाहने ईच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुवाट तपसिल वमोजिमको सर्तहरूको अधिनमा रही सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४, र गौरीगङ्गा नगरपालिका आन्तरिक आय सङ्कलन ठेक्का कार्यविधि २०८० बमोजिम १५ दिन भित्र शिलबन्दी दरभाउपत्र आह्वान गरीएको छ।

तपसिल:

| क्र.स | दरभाउपत्र नं. | कार्य विवरण | पहिलो वर्षको न्यूनतम ठेक्का रकम (मु.अ.कर बाहेक) | दरभाउपत्र दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | GGM/R01/2081/082 | कवाडी कर | रु. १०,००,०००/- | रू. १०००/- | कवोल अंकको ५% प्रतिशत | |

ठेक्का सम्बन्धी शर्तहरु :

१) ठेक्का अवधि सम्झौता भएको मिति देखी वढीमा ३ वर्ष सम्म कायम रहनेछ।

२) पहिलो वर्ष सम्झौता गर्दा कवोल अंकको ५०% रकम यस कार्यालयको राजश्व खाता नं 0712050028062002 मा जम्मा गरेको सक्कल भौचर र बाँकी ५०% रकमको लागि १३ महिना समयावधि भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क" वर्गको वाणिज्य वैंकबाट जारी भएको वैंक जमानत पेश गर्नु पर्नेछ।

३) प्रत्येक दोस्रो र तेस्रो वर्षका लागि कवोल अंकमा न्युनतम १०% ले वृदि हुनेछ।यो ठेक्का प्रत्येक वर्ष जेष्ठ मसान्तभित्र अनिवार्य रुपमा नविकरण गर्नुपर्नेछ ।नविकरण गर्दा प्रत्येक नयाँ वर्षको लागि कवोल अंकको ५०% रकम यस कार्यालयको राजश्व खाता नं 0712050028062002 मा जम्मा गरेको सक्कल भौचर र बाँकी ५०% रकमको लागि १३ महिना समयावधि भएको नेपाल राष्ट्र वैंकबाट मान्यता प्राप्त क" बर्गको वाणिज्य वैंकबाट जारी भएको वैंक जमानत पेश गर्नु पर्नेछ।

४) कवोल रकम अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

५) प्रचलित ऐन बमोजिम कवोल गरेको रकम एकमुष्ठ अग्रिम रुपमा वुझाएमा ५% प्रतिशत रकम छुट दिन सकिने छ ।नियमानुसार लाग्ने मु.अ.करमा छुट दिईने छैन ।

६) दरभाउपत्र फाराम यस कार्यालयको राजश्वशाखाबाट रू.१०००/- तिरी खरीद गर्न सकिनेछ । सो रसिद वा यस कार्यालयको नाममा NIC ASIA बैंक चौमाला शाखामा रहेको आन्तरिक राजश्व खाता नं 0712050028062002 मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।

७) कबोल कर्ता व्यक्ति, फर्म वा कम्पनि नेपाली नागरिकको भए ५ प्रतिशत र गैर नेपाली नागरिकको भए कवोल अंकको १० प्रतिशत रकम धरौटी राख्नुपर्ने छ।धरौटी बापतको रकम यस कार्यलयको नाममा NIC ASIA बैंक चौमाला शाखामा रहेको धरौटी खाता नं.71CA500982524004 मा नगदै जम्मा गरको सक्कल भौचर वा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त वाणिज्य वैंकवाट जारी भएको न्युनतम ७५ दिन सम्म मान्य हुने बिडबण्ड शिलबन्दी बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।

८) यो सुचना प्रकाशित भएको मितिले १५ भित्र खरिद गरी १६ औ दिन दिउँसो १२:०० वजे भित्र यस कार्यालयमा शिलवन्दी दरभाउपत्र दर्ता गरी सक्नु पर्नेछ।प्राप्त दरभाउपत्रहरु सोही दिनको १:०० बजे यस कार्यालयमा दरभाउपत्रदाताको रोहवरमा खोलिनेछ।दरभाउपत्रदाताको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन।

९) यस सूचनामा उल्लेख नभएका विषयहरू प्रचलित नेपाल कानुन वमोजिम हुने छ । साथै ठेक्कामा कुनै विवाद उत्पन्न भएमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ ।

वोलपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु:

१) नागरिकताको प्रतिलिपि
२) फर्म दर्ता तथा नवीकरण
३) पान नं तथा भ्याटमा दर्ता
४) कर चुक्ताको कागजात

०८२।१।१२

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner